सङ्घीय संसद् सचिवालय

सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्रीको लागि बोलपत्र आह्वानको सूचना

सूचना नं.: लि.१-२०८२/०८३

प्रथम पटक प्रकाशित मिति: २०८३/०३/०३

यस सङ्घीय संसद् सचिवालयमा मौज्दातमा रहेका लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहायका शर्तहरूको अधीनमा रही बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. इच्छुक बोलपत्रदाताहरूले यस सचिवालयको जिन्सी इकाई(स्टोर)बाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन्।

२. इच्छुक बोलपत्रदाताले २०८३/०३/२३ गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रु.२,०००।०० (दुई हजार रुपैयाँ) रकम राष्ट्रिय वाणिज्य बैंक, सिंहदरबारस्थित यस सचिवालयको राजस्व खाता नं.१०००१००२०००१०००० , कार्यालय कोड नं.२०२००३५०१, राजस्व शीर्षक नं.१४२२९ मा बुझाई सक्कल राजस्व दाखिला भौचरसहित, बोलपत्रदाताको फर्म दर्ता प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू संलग्न राखी बोलपत्र फाराम खरिदको लागि निवेदन पेस गर्नुपर्नेछ।

३. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले २२ औं दिनको १२:०० बजे भित्र यस सचिवालयमा दर्ता गरी सक्नुपर्नेछ।

४. कार्यालयमा दर्ता भएका बोलपत्रहरू २२ औं दिनको १:०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन।

५. लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र जिन्सी इकाई(स्टोर)मा सम्पर्क राख्नु पर्नेछ। बोलपत्र सम्बन्धी कागजातहरू खरिद गर्नेहरूले मात्र हेर्न सक्नेछन्।

६. बोलपत्रदाताले बोलपत्र साथ जमानत बापत आफूले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको दश प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक सिंहदरबार शाखामा रहेको धरौटी खाता नं.१९६०१००१०२०३०००० , कार्यालय कोड नं.२०२००३५०१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा नब्बे दिन म्याद भएको बैंक जमानत (बिड बण्ड) पेस गर्नु पर्नेछ।

७. बोलपत्र स्वीकृत गर्दा सबैभन्दा अधिकतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गरिनेछ।

८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ।

९. बोलपत्र फाराम साथ फर्म, संस्था वा कम्पनी भए इजाजत प्राप्त प्रमाण पत्रको प्रतिलिपी र व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ।

१०. बोलपत्र फाराममा रकम उल्लेख गर्दा अङ्क र अक्षरमा प्रष्ट रुपमा भर्नु पर्नेछ। उल्लेखित अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

११. रीत नपुगेको वा म्याद नाघी आएको तथा न्यूनतम मूल्य भन्दा घटी अङ्कित भएको वा सर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार सचिवालयमा सुरक्षित रहनेछ।

१३. यसमा उल्लेख नभएका कुराहरू आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवं नियमावली, २०७७ र प्रचलित ऐन नियम बमोजिम हुनेछ।